**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०४ अगस्त २०२३

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

- गृहमंत्री अमित शाहले आज चंडीगढमा अपराध न्याय प्रणालीलाई बलियो बनाउनुको लागि धेरै ई-एविडेंस, न्याय सेतु, न्याय श्रुति अनि ई-सम्मन प्रणालीको उद्घाटन गर्नु भयो।
- पश्चिम बङ्गालकी मुख्य मन्त्री ममता ब्यनेर्जीले उत्तर अनि दक्षिण बङ्गालका जिल्ला शाशकहरुसित बाढ़ी र पहिरोको खतराहरुको सामना गर्न उचित प्रबन्धन गर्ने निर्देश दिनु भएको छ।
- गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले भोलिदेखि केन्द्र सरकारले गोर्खाहरु मांग पूरा गर्न नसकेकोमा गोर्खा समुदायको असन्तुष्टि व्यक्त गर्ने उद्देश्यले आफ्नो कालो झण्डा अभियानको शुरुआत गर्ने भएको छ।
- पश्चिम बङ्गाल राज्य विद्युत वितरण कम्पनी निगम ले आउँदो पूजालाई ध्यानमा राख्दै विद्युत लाईन मरम्मति कार्य क्रमश शुरु गरेको छ।
- दार्जिलिंग पहाड तथा तराई डुवर्सले विगत चार दिन देखि को लगातार वर्षाले आज दिउसो देखि राहत पाएको छ।
- पेरिस ओलिम्पिकमा भारतीय पुरूष हाँकी टिम सेमी फाइनलमा पुगेको छ।

**गृह मन्त्री**

गृहमंत्री अमित शाहले आज चंडीगढमा अपराध न्याय प्रणालीलाई बलियो बनाउनुको लागि ई-एविडेंस, न्याय सेतु, न्याय श्रुति अनि ई-सम्मन प्रणालीको उद्घाटन गर्नु भयो। श्री शाह मनीमाजरामा स्मार्ट सिटी मिशनको अंतर्गत चौबीस घण्टा जलापूर्ति परियोजनाको उद्घाटन पनि गर्नु भयो।

****** ० ******

**रक्षा प्रमुख**

भारतका रक्षा प्रमुख सी.डी.एस जेनेरल अनिल चौहानले भोलि नयाँ दिल्लीमा सेनाका तीनै अंगको एक उच्च स्तरीय वित्तीय सम्मेलनको अध्यक्षता गर्नुहुनेछ। यस सम्मेलनको उद्‌देश्य सेवाका तीनै अंगका वित्तीय मुद्‌दाहरूमा तालमेल र एकजुटता ल्याउनु रहेको छ।

****** ० ******

**ममता बाढ़ी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज अपरान्ह झारखण्डका मुख्यमन्त्री हमेन्त सोरेनसित फोनमा बात गरी झारखण्डबाट पश्चिम बंगाल भएर बग्ने नदीहरूले दक्षिण बंगालका कैयन जिल्लाहरूमा बाढ़ी ल्याएको विषयमा छलफल गर्दै यसलाई मानव जनित बाढ़ी बताउनु भयो। सुश्री ममता ब्यानर्जीले एक सामाजिक संजाल एक्स पोस्टमा श्री सोरेनसित बाढ़ी रोकथामका प्रयासहरूमा मद्‌द गर्ने अनुरोध गर्नुभयो। झारखण्डको तेनुघाट बाधबाट अचानक, बढ़ी मात्रामा पानी छोड़नाले दक्षिण बंगालका कैयन इलाकाहरू जलमग्न भएका छन्। सुश्री ब्यानर्जीले सम्बन्धित जिल्ला शासकहरूसित पनि फोनमा कुराकानी गरी राहत बचाव र उद्धार कार्यहरूलाई तेज गर्नु भन्नुभयो। यसै क्रममा उहाँले आज दार्जीलिङ, कालेबुङ, जलपाइगढ़ी र कुचबिहारका जिल्ला शासकहरूसित पनि फोनमा कुरा गरी उत्तर बंगालमा बाढ़ी र पहिरोको खतराहरूको समाना गर्न उचित प्रबन्धन गर्ने निर्देश दिनुभयो।

****** ० ******

**ई.डी– राशिन वितरण मामला**

प्रवर्तन निदेशालय, ई.डी-ले बंगाल राशन वितरण मामिलामा पूर्व खाद्य अनि आपूर्ति मन्त्री ज्योतिप्रिय मल्लिक विरूद्ध जाँच शुरू गरेको छ। वर्तमानमा मल्लिकलाई न्यायिक हिरासतमा राखिएको छ। सूत्र अनुसार वित्तीय वर्ष २०२१-२२

अवधि ज्योतिप्रिया मल्लिकसित संलग्न एक करपोरेट इकाई ब्यांकको खाता ६.५० करोड़ रुपियाँभन्दा अधिक जमा गरिएको थियो जसमा एक करोड़ रुपियाँ अनिसुर रहमान उर्फ विदेशद्वारा जमा गरिएको थियो जो उत्तर २४ परगना जिल्लाको देगंगाका तृणमूल कंग्रेसका ब्लक अध्यक्ष हुन्। बिदेश अनि उनका भाई अलिफ नूर उर्फ मुकुल ई.डीको हिरासतमा छन्। ई.डीलाई सूचना प्राप्त भएको छ कि यो विशेष निगम शेल कम्पनी थियो जसको उपयोग धनलाई विचलनको निम्ति प्रयोग गरिएको थियो। ई.डी अनुसार कम्पनीको खातामा जमा गरिएको यो भारी नगद राशी राशन वितरण मामलाको अवैध आय थियो।

अर्को घटनाक्रममा ई.डी-ले पश्चिम बंगालमा स्कूल नोकरी भर्तीमा कथित अनियमितताहरूमाथि चलिरहेको जाँचको सिलसिलामा तृणमूल कंग्रेसका विधायक जीवन कृष्ण साहालाई पूछताछको निम्ति समन जारी गरेको छ। एक अधिकारीले आज यसको जानकारी दिदै भन्नुभयो, साहालाई विगत वर्ष सीबीआईले यस घोटालसित संलग्न भएको आरोपमा पक्राउ गरेको थियो। उनलाई सोमबार कलकता स्थित ई.डी कार्यालयमा पेश हुन भनिएको छ।

****** ० ******

## कालो झन्डा अभियान

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले भोलि देखि केन्द्र सरकारले गोर्खाहरु मांग पूरा गर्न नसकेकोमा गोर्खा समुदायको असन्तुष्टि व्यक्त गर्ने उद्देश्यले आफ्नो कालो झण्डा अभियानको शुरुआत गर्ने भएको छ। गोरामुमो सुत्र अनुसार कालो झण्डा लगाउने अभियान राष्ट्रिय राजमार्ग ११० बाट शुरु गर्ने भएकोले गोरामुमो दार्जीलिङ ब्राञ्च कमिटीले दार्जीलिङ मोटर स्ट्याड देखि शुरूवात गर्दै बतासेसम्म पुग्ने भएको छ। कार्यक्रम भोलि बिहान ६ बजेर ३० मिनेटमा शुरु हुने छ। यसैगरी खर्साङ बजारदेखि रोहिणी गेट सम्म खर्साङ ब्राञ्च कमिटीले कालो झण्डा लगाउने भएको छ। कालेबुंगमा ११ माइल शहीद पार्क देखि डम्बर चोक अनि कालेबुङ बजारमा व्यापक रुपमा कालो झण्डा लगाउने कार्यक्रम रहेको छ भने मिरिकमा मिरिक बजार अनि कृष्ण नगरमा यो कार्यक्रमको पालना गर्ने कार्यक्रम छ। स्मरण रहोस २७ जुलाईको दिन लंग भीउमा शहिद दिवसको कार्यक्रममा पार्टी अध्यक्ष मन घिसिङले यो कार्यक्रमको घोषणा गर्नु भएको थियो।

****** ० ******

## विद्युत विभाग

पश्चिम बंगाल राज्य विद्युत वितरण कम्पनी निगमले आउँदो पूजालाई ध्यानमा राखेर विद्युत लाईन मरम्मती काम क्रमशः शुरू गरेको छ। विभागमा खरसांग महिकुमा डिविजनल अभियन्ताद्वारा जारी एक नोटिसमा विद्युत लाईन मरम्मती कार्य अवधि ११ के.भी. र ३३ के.भी फिडर लाईनहरू पालै पालो गर्दै, इलाकामा विद्युत सर्वाह बन्द राखिन्दैछ। खरसांग र मिरिक महकुमा अर्न्तगत लाईनहरूलाई यसै अवधिमा मरम्मती गरिनेछ जसद्वारा दशै र तिहारको बेला विद्युत आपूर्ति निर्वाध रूपमा जारी रहोस तथा आम मानिसहरूलाई कुनै असुविधा नहोस। यो मरम्तती कार्यको आवश्यकता अनुरूप विद्युत आपूर्ति केही समयका लागि वाधित रहनेछ। मरम्मती कार्य ३ अगस्तदेखि शुरू भएको छ तथा ३३ के.भी स्टेशन लाईनको मरम्मती कार्य ३१ अगस्त सम्म अनि ११ के.भी स्टेशन लाईन मरम्मती कार्य २२ सितम्बर सम्म चल्नेछ। यो विद्युत आपूर्ति बिहान १० बजे देखि अपरान्ह ३ बजेसम्मको निम्ति वाधित रहनेछ। यसै क्रममा भोलि ५ अगस्तको दिन नयाँ बजार, खरसाङ बजार, डाक घर, दूरसंचार भवन, खरसाङ महकुमा अस्पताल इलाकामा बिजुली आपूर्ति बाधित रहनेछ।

****** ० ******

## दार्जीलिङ वर्षा

दार्जीलिङ पहाड़ तथा तराई डुवर्सले विगत चार दिनदेखिको लगातार वर्षाले आज दिउसोदेखि केही राहत पाएको छ। आज बिहान आकाश खुल्ला देखिए पनि फेरी पानी पर्न थालेको थियो। तर दिउसोदेखि आकाश छांगो भएको छ र केही समयका लागि घाम पनि लाग्यो। यद्यपि केही बेर पछि पुनः बादल छाएको छ। पहाड़मा आम मानिसहरूले आजदेखि केही राहत पाए तापनि समतल क्षेत्रमा बाढ़ीको सामना गर्न परी रहेको छ। टिस्टा नदी, समतलमा खतराको चिनोभन्दा माथि बगी रहेको छ। सिलगढ़ी महकुमा तथा जलपाइगढ़ी जिल्लाका कैयन होचा इलाकाहरू डुबानमा परेका छन्। सिलगढ़ी- सिक्किम राष्ट्रीय राजमार्ग संख्या १० कालेबुङ जिल्लाका कैयन स्थानहरूमा पहिरोले गर्दा बन्द छ। यद्यपि राजमार्ग खोल्ने प्रयास युद्ध स्तरमा चलाइन्दैछ। पश्चिम बंगालको टी.एम.सी सरकारले जिल्ला प्रशासन तथा आपदा मोचन बलहरूलाई तैयार राखेको छ तथा मुख्यमन्त्री ममता ब्यानर्जीले बाढ़ीको स्थितिमाथि निकट नजर राखिरहुन भएको छ तथा उचित प्रबन्धन गर्ने अधिकारीहरूलाई निर्देश दिनु भएको छ।

****** ० ******

**<u>कामिनी डिमाइस</u>**

भरत नाट्यम् तथा कुच्चिपुडी, ख्याति प्राप्त नृत्यांगना यामिनल कृष्णामूर्तिको निधन भएको छ। पद्मविभूषण, पद्मभूषण र पद्मश्रीले सम्मानित यामिनी कृष्णमूर्ति आन्ध्र प्रदेशको चितौर जिल्लाको मदनापल्लीमा जन्मिनु भएको थियो तथा चिदम्बरम, तामिलनाडुमा हुर्केकी थिए। ८३ वर्षको आयुमा उहाको निधन भएको हो। राष्ट्रपति द्रौपदी मुर्मूले उहाको निधनप्रति गहिरो शोक संवेदना व्यक्त गर्दै देशका लागि अपूरणीय क्षति बताउनु भएको छ।

****** ० ******

**<u>युथ फर टुरिजम</u>**

युथ फर टुरिजमको एउटा सभा आज गोर्खा रंगमञ्च भवन परिसर दार्जीलिङमा सम्पन्न गरियो। सभामा भुटान बोडरदेखि लिएर रिम्बिक नेपाल बोडर सम्मका युवाहरुको सहभागिता रहेको थियो। युथ फर टुरिजम नेटवर्क इमपावरमेन्ट लगायत होमस्टे बिषयमा सभामा चर्चा गरियोद्य यसको साथै एउटा टीम बनाएर दिल्ली, बंगलोर लगायतको स्थानहरुमा गएर आफ्नो जग्गालाई प्रमोट गर्ने बिषयमाथि चर्चा भएको युथ फर टुरिजमको संस्थापक मिङमा गिर्मी शेर्पाले बताउनु भएको छ।

****** ० ******

**<u>सिंगेल</u>**

लगातार परेको पानीको कारण खरसाङदेखि केही टाडा रहेको सिंगेल चिया बगान अन्तर्गत नयाँ धुरा गाउँमा पैह्रो गएको जानकारी प्राप्त भएको छ। यस गाउँको स्थानीय निवासी फुर्बा तामाङको घरबाट नै पैह्रो गएको जानकारी सिंगेल चियाबारीको नयाँ धुराको स्थानीय ग्रामवासी रबि राईले दिएका छन। यो पैह्रोले गर्दा पैदल बाटो हुँदै सिंगेलदेखि खहरे जाने बाटो बन्द भएको छ। त्यसैले यो पैह्रोलाई समयमा नै रोकथाम नगरे फुर्बा तामाङको घर साथै गाउँसमेत तान्न सक्ने सम्भावना देखिएको छ।

****** ० ******

**<u>साधना कला केन्द्र</u>**

साधना कला केन्द्र मिरिकमा आज कथक अनि लोक नृत्यको परीक्षा सम्पन्न भयो।परिक्षामा साधना कला केन्द्रका ८४ जना नृत्यकलाकारहरूले नृत्य प्रदर्शन गरेर परिक्षामा सहभागीता जनाए। २००६ देखि मिरिकमा नृत्य प्रशिक्षण प्रदान गर्दै आउने क्रममा केन्द्रले प्रत्येक बर्ष नृत्य प्रशिक्षणार्थीहरूलाई सहभागी गराई परीक्षा लिनेक्रममा आज नृत्य परीक्षा गरिएको केन्द्रका निर्देशक प्रवास गोले तामाङ अनि नृत्य परिक्षक दिपेन बस्नेतले जानकारी दिएका छन्।

****** ० ******

**<u>ओलिम्पिक</u>**

पेरिस ओलिम्पिकमा भारतीय पुरूष हाँकी टिम सेमी फाइनलमा पुगेको छ। ब्रिटेन विरुद्ध भएको क्वाटर फाइनल म्याचमा भारतीय टिमले ब्रिटेनलाई पेनल्टी शुट आउटमा ४-२ ले पराजित गरेको छ। यसरी नै पेरिस ओलिम्पिक को पुरुष एकल ब्याडमिन्टन खेलमा आज भारतको लक्ष्य सेन, टोक्यो ओलिम्पिकमा स्वर्ण पदक विजेता, डेनमार्कको विक्टर एक्सलसेन विरुद्ध भएको सेमी फाइनल म्याचमा २२-२०, २१-१४ ले पराजित भएका छन्। लक्ष्य सेनले भोलि काँस्य पदकको लागि म्याच खेल्नेछन्।

****** ० ******

************